# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, चैत २८ गते, २०७९ साल (अतिरिक्ताङ्क २७

## भाग २

बागमती प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपालको

## सूचना

**प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन)**
**(छैठौं संशोधन) आदेश, २०७९**

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिमको आदेश स्वीकृत गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस आदेशको नाम "प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (छैठौं संशोधन) आदेश, २०७९" रहेको छ।

(२) यो आदेश प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा १२ मा संशोधनः</u>** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा १२ को,-

(१) खण्ड (ख) मा रहेको "पैंतीस" भन्ने शब्दको सट्टा "तीस" भन्ने शब्द राखिएको छ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र, मानविकी, व्यवस्थापन, कानून, सामाजिक विकास, पर्यावरण, विज्ञान, इन्जिनियरिङ्ग वा सार्वजनिक प्रशासन विधामा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको र सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको वा नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको र विकास, योजना, नीति अनुसन्धान, प्राज्ञिक वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा सात वर्ष काम गरी विशिष्टता हासिल गरेको वा विश्वविद्यालयमा प्राध्यापक भइसकेको,"

**आज्ञाले,**

**विनोद कुमार भट्टराई**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. ५।-